# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौरादह, झापा

**कोशी प्रदेश**, नेपाल

(**तेस्रो पटक** प्रकाशित मिति २०८०/०४/२८)

**आन्तरिक आय संकलन सम्वन्धि** शिलबन्दी दरभाउ पत्र पेश गर्ने **सम्वन्धि ७ दिने** सूचना।

मिति २०८०/०४/११ गते प्रथम पटक प्रकाशित गरि ठेक्का लागि बाकी रहेका आ.व.२०८०/८१ का लागि यस यस गौरादह नगरपालिका क्षेत्र भित्र रहेका तपशिल वमो जिमका आन्तरिक आय संकलनका क्षेत्रहरुको कर तथा सेवा शुल्क संकलन गर्न हाटबजारहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ अनुसार तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही न्युनतम अंकमा नघट्ने गरी ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**दरभाउ पेश गर्ने सम्वन्धि शर्तहरु**

१.सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र कार्यालयको जिन्सी शाखाबाट तपशिल बमोजिमको फारम शुल्क तिरि ( फिर्ता नहुने गरि )खरिद गर्न सकिनेछ।

२.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा व्यवसाय प्रमाणपत्र प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र प्रतिलिपी र पान नं प्रतिलिपी संलग्न गरि निवेदन दिनुपर्नेछ।तर दरभाउ पत्र स्विकृत भएको हकमा दरभाउ पत्र दाताले २०८० अशोज मसान्त सम्म २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि बुझाउनु पर्नेछ।

३.कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

४.सिलबन्दि दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकको १० प्रतिशत ले हुने रकम यस कार्यालयको एन.आई. सि.एसिया बैंक गौरादह शाखामा रहेको *च.हि.नं.८७CA७५०३६११५२४०१* मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५.सुचना प्रकाशन भएको मितिले ८ औ दिनको १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ।सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिनेछ।प्रतिनिधि उपस्थिति नभएमा नियमानुसार सोहि समयमा खोल्न बाधा पर्ने छैन।

६.दरभाउ पत्र खरिद र दर्ता मितिका दिन विदा परेमा सो को भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ।

७.कार्यालयबाट प्रमाणित नभएको रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

८.ठेक्काको अवधि २०८१असार मसान्त सम्मका लागि हुनेछ।सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ।यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन।सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

९.दरभाउ पत्र पूर्ण वा आंशिक सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

१०.आन्तरिक आय संकलन ठेक्का सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र तपशिलमा उल्लेखित रकम तिरी कार्यालय बाट पाउँन सकिनेछ ।अन्य जानकारीको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा जिन्शी शाखामा सम्पर्क राख्न सकिनेछ।

११.दउभाउपत्र स्वीकृत भएपछि कवोल गरेको रकम एकमुष्ट अग्रीम बुझाउनु पर्नेछ।

१२.यो सुचनामा उल्लेख भएका सोही अनुसार र उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८०/४/२८

**राजेन्द्र भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>तपशिल</u>**

| ठेक्का नं | शिर्षक | न्यूनतम अंक (मु.अ.करबाहेक) | फारम शुल्क |
|---|---|---|---|
| ०४।२०८०।०८१ | दामुना बजार बहाल बिटौरी बाहेक | १२५०००/- | ५००/- |
| ०५।२०८०।०८१ | स्कूलचौनबजारबहाल बिटौरी बाहेक | १२५०००/- | ५००/- |
| ०७।२०८०।०८१ | बैराती बजार बहाल बिटौरी बाहेक | २५०००/ | ५००/- |
| ०८।२०८०।०८१ | दुधाली/फकिडिप बजार बहाल बिटौरी बाहेक | २००००/०० | ५००/- |
| ०९।२०८०।०८१ | बिज्ञापन | १५००००/- | ५००/- |
| १०।२०८०।०८१ | कृषि थोक बजार सटरहरु प्रति सटर प्रति महिना | १५००/- | ५००/- |
| ११।२०८०।०८१ | चप्रामारी बजार बहाल बिटौरी बाहेक | १५०००/- | ५००/- |
| १२।२०८०।०८१ | दामुना बजारमा रहेको गाईबस्तु रातमा राख्ने टहरा संचालन व्यवस्थापन | १२५०००।०० | ५००।०० |
| १३।२०८०।०८१ | नगरपालिका परिषरमा रहेको चमेना गृह | १२५०००।०० | ५००।०० |
| १५/२०८०/०८१ | वडा न. ५ मा रहेको बालुवथान शनिश्चरे बजार बहाल बिटौरी बाहेक | २५०००।० | ५००।०० |

राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधिकृत